"स्वस्च्छ, सुन्दर, र समुन्नत शहर, मधेशको शान लालवन्दी नगर"

# लालबन्दी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

लालबन्दी, सर्लाही

मधेश प्रदेश, नेपाल

फोन नं.- ०४६५०११००
०४६५०१३३३
०४६५०१४४४
Email:maillalbandi@gmail.con

## मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षाघातका लाभग्राहीहरुको नविकरण गर्ने सम्वन्धि सूचना।

(सूचना प्रकाशन मितिः२०८३/०३/३२)

उपर्युक्त सम्बन्धमा मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षाघात विरामीहरुलाई औषधि उपचार बापत खर्च उपलब्ध गराउने सम्वन्धी कार्यविधि,२०७८ बमोजिम मृगौला प्रत्यारोपण गराएका, डायलाइसिस गराइरहेका, क्यान्सर रोग पहिचान भई उपचारपछि निको भईसकेका व्यक्ति बाहेकका क्यान्सर रोगी(क्यान्सर पहिचान भई उपचारपछि निको भईसकेका तर चिकित्सकले तीन-तीन महिना भित्र निरन्तर निगरानी(Close Fellow up) राखेका व्यक्ति र मेरुदण्ड पक्षाघात भएका(रातो र निलो अपाङ्ग परिचय पत्र बाहक) व्यक्तिहरुले तपसिल बमोजिमका कागजपत्र सहित २०८३ भदौ मसान्त भित्र यस कार्यालयको आधारभुत स्वास्थ्य तथा सरसफाई शाखामा आई नविकरण गर्नुहुन सम्वन्धित लाभग्राहीहरुलाई जानकारीको लागि अनुरोध छ।

तपसिल:

१. वडा कार्यालयको सिफारिस,

२. नागरिकता प्रमाणपत्र/जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि,

३. क्यान्सर लाभग्राहीको हकमा चिकित्सकले तीन-तीन महिना भित्र निरन्तर निगरानीमा राखेका व्यक्तिहरुले चिकित्सकको जाँच गरेको प्रमाणपत्र अनिवार्य पेश गर्नुपर्ने छ,

४. डायलाइसिस गराइरहेकाको लाभग्राहीकोहकमा डायलाइसिस गराइरहेकाको प्रमाणपत्र,

५. मृगौला प्रत्यारोपण गरेका लाभग्राहीको हकमा मृगौला प्रत्यारोपण गरेको प्रमाणपत्र,

६. लाभग्राहीको प्यान नम्वर प्रमाणपत्रको प्रतिलिपि।

२०८३/३/३२

पितानाथ लुईटेल
प्रमुख प्रशासकीय अधिकृत